## सुधार/आवासीय गृह
## Tuen Mun बाल तथा अल्पवयस्क गृह

- **सेवाको विवरण**

समाज कल्याण विभाग (Social Welfare Department, SWD) ले असमायोजित बालबालिका/अल्पवयस्क तथा युवा कसुरदारहरूलाई अदालतका निर्देशनहरूलाई प्रभावकारी बनाउनका लागि सामाजिक कार्य को सहयोगमार्फ त आवासीय प्रशिक्षण सेवा उपलब्ध गराउँछ। सेवामा तालमेल प्राप्त गर्न र सुविधालयहरूको साझा प्रयोगलाई सक्षम बनाउनका लागि, SWD ले सन् 2007 मा बहु-प्रयोजन आवासीय परिसरमा Tuen Mun बाल तथा अल्पवयस्क गृह (Tuen Mun Children and Juvenile Home, TMCJH) नाम भएको छवटा सुधार तथा आवासीय गृहहरूको स्थापना गरेको थियो जसले शरणस्थल, सुधार गृह, स्वीकृत संस्था (प्रोबेसन गृह) र सुधार स्कुलसम्बन्धी कायहरूमा सेवाहरू प्रदान गर्छ ।

- **लक्षित समूह**

TMCJH भनेको तल दिइएका कानूनसम्बन्धी व्यवस्थाहरू अनुसार बालबालिका/अल्पवयस्क तथा युवा कसुरदारहरूलाई अस्थायी सुरक्षा र आवासीय प्रशिक्षण उपलब्ध गराउने राजपत्रमा उल्लेखित गरिएको गृह हो –

- बाल तथा अल्पवयस्कहरूको संरक्षणसम्बन्धी अध्यादेश (परिच्छेद 213), आप्रवासनसम्बन्धी अध्यादेश (परिच्छेद 115) र बाल अपहरण तथा सुरक्षासम्बन्धी अध्यादेश (परिच्छेद 512) अन्तगतको शरणस्थल
- अल्पवयस्क कसुरदारहरूसम्बन्धी अध्यादेश (परिच्छेद 226) अन्तगतको थुनुवा गृह
- कसुरदारहरूको प्रोबेसनसम्बन्धी अध्यादेश (परिच्छेद 298) अन्तगतको स्वीकृत संस्था (प्रोबेसन गृह)
- सुधार स्कुलहरूसम्बन्धी अध्यादेश (परिच्छेद 225) अन्तगतको सुधार स्कुल

- **क्षमता**

388

- **सेवा सामगरी**

I)शक्षा र व्यावसायिक प्रिशक्षण

मान्यताप्राप्त योग्यता प्रमाणपत्रका साथ गृहबाट निस्कएपछि निवासीहरूलाई आफ्नो अध्ययनलाई जारी राख्न र/वा आफ्ना व्यावसायिक पेशा तथा रोजगारी क्षमतालाई परिष्कृत गर्न मा सक्षम गराउने उद्देश्यले उनीहरूका विभिन्न शैक्षिक स्तर तथा सिकाइका आवश्यकताहरू पूरा गराउनका लागि र उनीहरूको बसाइ अवधिलाई ध्यानमा राखेर शैक्षिक तथा सामान्य विषयहरूमा शिक्षा र विविध सीपहरूका प्रशिक्षण कोर्स हरू उपलब्ध गराइन्छ।

II) व्यक्तिगत परामर्श र सामूहिक कार्य सेवाहरू

गृहका सबै निवासीहरूलाई व्यक्तिगत, अन्तर-वैयक्तिक र पारिवारिक समस्याहरूलाई सुल्झाउनका लागि मामिला अनुसारको परामर्श तथा सामूहिक कार्य मार्फ त आत्म-बुझाइ, सामाजिक सीप, भावनाको व्यवस्थापन र सकारात्मक विचार विकास गनमा सहायता गरिन्छ। गृहका सोसल वर्करहरूले हरेक निवासीका प्रगित र आवश्यकताहरूलाई फलोअप गछ्नन् र कल्याण/ पुनस्थापना योजना तयार गएर त्यसलाई कायान्वयन गनका लागि निवासीहरूका अभिभावक/संरक्षक तथा मामिलाका सोसल वर्कर/प्रोबेसन आधिकारीहरूसँग मिलेर काम गछ्नन्। यसको उद्देश्य भनेको निवासीहरूलाई समुदायमा समायोजन गनका लागि तयारी स्वरूप किठनाइहरूको सामना गेरर अगाडि बढ्न र आफूमा आत्म-विश्वास र अनुशासन निमाण गर्न का लागि प्रेरणा दिनु हो।

III) सामुदायिक सम्बन्ध

गृहले सार्थक सामुदायिक सम्बन्ध स्थापित गर्ने उद्देश्यले निवासीहरूका निम्ति विभिन्न सामुदायिक संस्थाहरूका लागि विविध सामूहिक तथा सहायतामूलक क्रियाकलापहरू सञ्चालन गर्ने व्यवस्था मिलाउँछ। निवासीहरूमा जिम्मेवारीको भावना विकसित गर्नमा मद्दत गर्न र समुदायलाई निवासीहरूका बारेमा अझ राम्रो बुझाइ हासिल गर्नमा सक्षम बनाउनका लागि सामुदायिक सेवा परियोजनाहरू आयोजित गरिन्छ। निवासीहरूमा समुदायमा समायोजन हुनमा सहायक हुने सञ्चार सीप, नेतृत्त्व र स्वयंलाई कदर गर्ने भावना विकास होस् भन्ने उद्देश्यहरूका साथ उनीहरूलाई सामुदायिक क्रियाकलाप तथा स्वैच्छिक सेवाहरूमा सहभागी हुन प्रोत्साहन गरिन्छ।

IV) मनोरञ्जनात्मक क्रियाकलापहरू

निवासीहरूका लागि विभिन्न प्रकारका कला, गीतसङ्गीत, सांस्कृतिक, खेलकुद तथा खाली समयका क्रियाकलापहरू आयोजित गरिन्छ ताकि उनीहरूले स्वस्थ आनीबानी विकास गर्न, व्यक्तिगत क्षमताहरू बढाउन र सम्भावनाहरूको विकास गर्न सकून्।

V) अभिभावक भेट / पारिवारिक कार्य / बिदा

अभिभावक वा संरक्षकहरूलाई गृहमा स्वागत छ र उहाँहरूलाई यहाँ रहेका आफ्ना बच्चाहरूसँग भेट गर्न प्रोत्साहन गरिन्छ। निवासीहरूलाई सकारात्मक सञ्चारलाई पुन: स्थापित गर्न र आफ्ना अभिभावकहरूसँगको सम्बन्धमा सुधार ल्याउनमा मद्दत गर्नका लागि मामिला अनुसारको परामर्श र अभिभावक-बाल क्रियाकलापहरू सञ्चालन गरिन्छ। प्रोबेसन गृह तथा सुधार स्कुलका निवासीहरूको हकमा, आवासीय प्रशिक्षणपश्चात् व्यवहारमा स्थिरता देखाउने निवासीहरूलाई बिदाको अनुमति प्रदान गर्न सकिनेछ ताकि गृहबाट निस्केपछि प्रभावकारी पारिवारिक सहायता प्राप्त गर्नमा उनीहरूलाई सहज होस्।

VI) चिकित्सा स्याहार

गृहले निवासीहरूका लागि गृहमै रहने नर्सहरूद्वारा 24 घण्टा नै प्रदान गरिने नर्सिङ सेवाहरू उपलब्ध गराउँछ। व्यक्तिगत सरसफाइका मामिलाहरूमा स्वास्थ्यसम्बन्धी छलफल, मार्गदर्शन र परामर्शहरू पनि उपलब्ध गराइन्छ। जाँच गर्न आउने चिकित्सा अधिकारीहरूले साधारण चिकित्सा सेवाहरू उपलब्ध गराउनुहुन्छ। विशेष शारीरिक, मानसिक र मनोवैज्ञानिक आवश्यकताहरू भएका निवासीहरूलाई मूल्याङ्कन, सुझाव र उपचारका लागि विशेषज्ञ चिकित्सक र/वा क्लिनिकल साइकोलोजिस्टहरू समक्ष पठाइनेछ।

VII) भोजनसम्बन्धी व्यवस्था

निवासीहरूका लागि दैनिक आहारमा क्याटरिङ सेवाको कन्ट्रयाक्टरको दर्तावाल आहार विशेषज्ञद्वारा उपलब्ध गराइएको आहारसम्बन्धी सुझावहरूलाई पालना गरिन्छ।

- **शुलक तथा लागतहरू**

  सबै सेवाहरू नि:शुल्क छन्।

- **ठेगाना र समपर्क नमबर**

  ठेगाना: 3 San Shek Wan North Road, Tuen Mun, New Territories

  टेलिफोन नम्बर: 24607102

  फ्याक्स नम्बर: 24607812